# हिमालय उर्जा विकास कम्पनी लिमिटेडको

## पच्चिसौँ बार्षिक साधारण सभाको निर्णय

**१. वैधानिक सभा :**

हिमालय ऊर्जा विकास कम्पनी लिमिटेडको **पच्चिसौँ** बार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री हरि प्रसाद पाण्डेज्यूको अध्यक्षतामा तपसिल अनुसार सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय :**

मिति - २०८२ मंसिर २३ गते, मंगलबार (Dec 09, 2025)
स्थान - अर्पण बैंक्विट, थापागाऊँ, नयाँबानेश्वर, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे शुभारम्भ भई अपरान्ह १:३० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना :**

कम्पनीको मिति २०८२ कार्तिक २७ मा बसेको सञ्चालक समितिको १२७ औं बैंठकले निर्णय गरे बमोजिम **पच्चिसौँ बार्षिक साधारण सभा** हुने मिति, समय, स्थान र छलफलको बिषय-सूची समेत खुलाई तत् सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार मिति २०८२/०७/२८ गते र मिति २०८२/०८/१३ गते **समाचार-पत्र राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित गरिएको जानकारी सहित कम्पनी सचिव श्री नवराज भण्डारीले शेयरधनीहरुलाई साधारण सभाको कार्यक्रमको विवरण प्रस्तुत गर्नुभयो ।

**४. स्वागत :**

कम्पनीको पच्चिसौँ वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरु तथा अतिथि महानुभावहरुलाई कम्पनीका सञ्चालक श्री रमेश प्रसाद न्यौपाने ज्यूले स्वागत मन्तव्य दिनुभयो ।

**५. सभाका छलफलका बिषयहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमिक सम्बन्धमा ।
४. बाँकी अवधिको लागी सञ्चालकको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विविध :**

**६.उपस्थिति :**

**क) सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री हरि प्रसाद पाण्डे (प्रतिनिधि श्री मातृसेवा प्रतिष्ठान नेपाल) | अध्यक्ष |
| २. | श्री रमेश प्रसाद न्यौपाने (प्रतिनिधिः अरुण भ्याली हाईड्रोपावर डे.कं.लि.) | सञ्चालक |
| ३. | श्री सोमनाथ पाठक | सञ्चालक |
| ४. | श्री सरस्वती पाण्डे | सञ्चालक |
| ५. | श्री श्रीराम पाण्डे | सञ्चालक |
| ६. | श्री प्रमिला चौहान (बस्नेत) | सञ्चालक |
| ७. | श्री छत्र बहादुर बस्नेत | स्वतन्त्र सञ्चालक |
| ८. | श्री नवराज भण्डारी | कम्पनी सचिब |

Himalaya Urja Bikas Company Ltd. Estd: 2014

**ख) आमन्त्रीतहरुको उपस्थिती :**

| | |
|---|---|
| १. श्री सुमेश बहादुर पाण्डे | प्रतिनिधी नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. |
| २. सिए इन्द्र प्रसाद मैनाली | लेखा परिक्षक |
| ३. सिए घनश्याम पौडेल | लेखा परिक्षक |

**ग) पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विष्णु प्रसाद पाण्डे | आयोजना प्रबन्धक |
| २. श्री सन्तोष अधिकारी | लेखा अधिकृत |

**घ) शेयरधनीहरुको उपस्थिति** (उपस्थिति विवरण छुट्टै संलग्न छ)

| | |
|---|---|
| १. स्वयं उपस्थिति - | ५४८ जना |
| २. प्रतिनिधि(प्रोक्शी) मार्फत उपस्थिति | ६२६ जना |
| **जम्मा उपस्थिति -** | **११७४ जना** |

**७. गणपुरक संख्या :**

| विवरण | संख्या | स्वयं उपस्थिति | प्रतिनिधिमार्फत उपस्थिति | जम्मा | कूल शेयर संख्याको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| बिक्री भएको शेयर | १९८,००,००० | १४,२९,३७७ | ८९,६४,६७९ | १,०३,९४,०५६ | ५२.५% |
| शेयरधनीहरु | ४८४११ | ५४८ | ६२६ | ११७४ | |

उल्लेखित उपस्थिति कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीको नियम २३ अनुरुप सभाको लागी गणपुरक संख्याको लागि पर्याप्त रहेको छ ।

**८. सभाको बैधानिकता :**

सभाको शुरुवातमा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम र यस कम्पनीको नियमावली बमोजिम बोलाइएको एवं सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको व्यहोरा अध्यक्षज्यूवाट जानकारी गराईएको थियो ।

**९. सभाको अध्यक्षता:**

सभाको वैधानिकता यकिन पछि कम्पनीको पच्चिसौं बार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४(१) र कम्पनीको नियमावलीको नियम १९ अनुसार सञ्चालक समितिका अध्यक्ष श्री हरि प्रसाद पाण्डेज्यूले गर्नु भयो । उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै अध्यक्षज्यूले सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

**१०. सभाका अध्यक्ष श्री हरि प्रसाद पाण्डेज्यूले सभा समक्ष निम्न अनुसारको प्रस्ताव पेश गर्नु भयो :-**

**क. सामान्य प्रस्तवाहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमिक सम्बन्धमा ।
४. बाँकी अवधिको लागी सञ्चालकको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विविध :**

Himalaya Urja Bikas Company Ltd. Estd: 2014

**११. छलफलको लागि आह्वान :**

अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई छलफलमा भाग लिन अनुरोध गर्नुभएपछि निम्नलिखित महानुभावहरुले निम्नानुसार छलफलमा भाग लिनुभयो ।

| | | | |
|---|---|---|---|
| डमरु बल्लभ घिमिरे | अमिरदास रन्जित | गोविन्द वहादुर केसी | उत्तम पाठक |
| शत्रुधन श्रेष्ठ | भेषराज भण्डारी | इन्द्रप्रसाद लुईंटेल | ध्रुव न्यौपाने |
| जगन्नाथ आचार्य | ब्रहमदेव शाक्य | लक्ष्मण बहादुर श्रेष्ठ | लवराज जोसी |
| उत्तमदत्त पाण्डे | सुदिप श्रेष्ठ | उद्धव प्रसाद घिमिरे | निरुपम गुप्ता |

माथि उल्लेखित महानुभावहरुले पच्चिसौं वार्षिक साधारण सभाका सफलताको शुभकामना व्यक्त गर्नुभयो । यस पटक वार्षिक साधारण सभा तोकिएको समय भन्दा अगाडी गरेकोमा खुसी व्यक्त गर्दै शेयरधनीहरुले हाल सम्म पनि प्रतिफल पाउन नसकेपनि आगामी वर्षहरुमा प्रतिफल पाउनेमा आशावादी रहेको कुरा व्यक्त गर्नुभयो । हाल बैंकको व्याज कम रहेको हुँदा ऋण भुक्तानी गर्दै अन्य आयोजनामा लगानी गर्न उपयुक्त हुने र त्यसले भविष्यमा बढी प्रतिफल दिने गरी व्यवस्था गर्न आग्रह गर्नुभयो । लेखा परिक्षण प्रतिवेदन नेपाली भाषामा प्रकासित गर्न, समय सापक्ष रुपमा खर्च बढ्दै जाने भएपनि खर्चमा मितव्ययीता अपनाउनुहुन सुझाव दिनभयो । कम्पनीका वित्तिय अवस्थालाई हेर्दा सुधारोन्मुख भएको, सबै शेयरधनीहरुलाई SMS पठाउनु भएकोमा धन्यवाद दिनुभयो ।

**१२.शेयर धनिहरुको जिज्ञासाका सम्बन्धमा सञ्चालक समितीको तर्फबाट अध्यक्षबाट गराईएको जानकारी :**

छलफलमा भाग लिन नाम टिपाउनु भएका शेयरधनी महानुभावहरुले व्यक्त गरेका उल्लेखित विषयहरु उपर अध्यक्षज्यूले सभामा एकमुष्ट जवाफ दिनुभयो । जवाफ दिने क्रममा शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक सुझावहरुलाई आगामी दिनहरुमा सञ्चालक समितिले मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गर्ने प्रण व्यक्त गर्नुभयो । उपस्थित शेयरधनी महानुभावहरुलाई छलफलमा भाग लिई कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिदिनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

**१३.सभाबाट पारित भएका निर्णयहरु :**

सभामा छलफल पश्चात निम्नानुसारका प्रस्तावहरु अध्यक्षज्यूले निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतीबाट पारित गरियो ।

१३.१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा कम्पनीको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनी महानुभावहरुले व्यापक रुपमा छलफल गरि उक्त प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१३.२. यस कम्पनीका लेखा परिक्षक आइ पी मैनाली एण्ड एसोसिएट्सबाट पेश भएको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१।८२ को वासलात, नाफा-नोक्सान हिसाव र नगदप्रवाह लगायतका वित्तिय विवरणहरु सभा समक्ष प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनी महानुभावहरुले व्यापक रुपमा छलफल गरि उक्त प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१३.३. कम्पनीको आ.व. २०८२/०८३ को लेखा परिक्षण गर्नका लागि लेखा परिक्षक श्री **जि पौड्याल एण्ड एशोसिएट**लाई लेखा परिक्षकको रुपमा नियुक्त गर्ने र निजको पारिश्रमिक मु.अ.कर बाहेक रु.३,००,०००।- (अक्षरेपी तिन लाख मात्र) दिने सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१३.४.कम्पनीमा रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिको मिति २०८१।०९।२६ को निर्णय अनुसार स्वतन्त्र सञ्चालक पदमा नियुक्त हुनभएका स्वतन्त्र सञ्चालक लिखु पिके गाउँपालीका वडा नं.-२, सोलुखुम्बुका डा. छत्र बहादुर बस्नेत (ना.प्र.प नं ४१६/१२१८२-१३४ सोलुखुम्बु) र मिति २०८२।०२।३० को निर्णय अनुसार सञ्चालक पदमा नियुक्त हुनुभएकी कास्की जिल्ला पोखरा महानगरपालीका वडा नं.-८, निवासी डा. सरस्वती पाण्डेज्यू (ना.प्र.प.नं.५८५०२, कास्की) को नियुक्तीलाई बाँकी कार्यकालका लागी समेत अनुमोदन गरी कम्पनीको सञ्चालक समितिलाई पुर्णता दिने सर्वसम्मत निर्णय गरियो ।

१३.५. विविधमा छलफलको लागी थप विषय नभएकाले कुनै निर्णय भएन ।

**.१४.धन्यवाद ज्ञापन सहित समापन :**

पच्चिसौं बार्षिक साधारण सभामा उपस्थित भई सहयोग गर्ने सम्पुर्ण शेयरधनि महानुभावहरु प्रति सभाका अध्यक्षज्यू बाट हार्दिक कृतज्ञता व्यक्त गर्नु भयो । कम्पनीको प्रगतीमा योगदान दिने कर्जा उपलब्ध गराउने बैंकहरु, ने.वि.प्रा., सबै सरकारी निकायहरु, शेयरधनि महानुभावहरु, सञ्चालक समितिका सदस्य साथिहरु, रामेछाप तथा दोलखा जिल्लाका सबै स्थानीय निकाय, जनप्रतिनिधी, सञ्चारकर्मी, शुभेच्छुक तथा शुभ-चिन्तकहरु, व्यवस्थापन समुहका सदस्यहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्षज्यूले समापन मन्तब्य सहित सभा विसर्जन गर्नु भयो ।

| | | | |
|---|---|---|---|
| नवराज भण्डारी<br>कम्पनी सचिव | Himalaya Urja Bikas Company Ltd.<br>Estd: 2014 | रमेश प्रसाद न्यौपाने<br>सञ्चालक | हरि प्रसाद पाण्डे<br>अध्यक्ष |